नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फोन नं. ४२०००००
४२००२८७
सिंहदरबार, काठमाण्डौ

प.सं. २०७३/०७४
च.न १.१.३ २६५

मिति :- २०७३/०८/१६

विषय :- *वार्षिक आर्थिक विवरण सम्वन्धमा ।*

श्री नगरपालिकाको कार्यालय; २५
मादी, षडानन्द, दुहवी भलुवा, हनुमाननगर योगिनीमाई, धनुषाधाम, गणेशमान चारनाथ, दुधौली, जिरी, कीर्तिपुर, शंखरापुर, कागेश्वरमनहरा, गोकर्णेश्वर, वुढानिलकण्ठ, दक्षिणकाली, धुलिखेल, गरुडा, गढीमाई, सिर्मौनगढ, खैरहनी, कालिका, देवदह, राईनास, करापुटार, भेरिमालिका, कृष्णपुर ।

प्रस्तुत विषयमा यस मन्त्रालयको च.नं. ८१० मिति २०७३/०३/२७ को पत्रवाट सवै कार्यालयहरुलाई आवश्यक ढाँचा सहित मन्त्रालयमा ***वार्षिक आर्थिक विवरण*** पेश गर्न अनुरोध गरिएकोमा तहाँ कार्यालयवाट सो विवरण हालसम्म पनि प्राप्त भएको छैन । सो सम्वन्धमा आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ८५ को उपनियम ३ मा प्रत्येक कार्यालयले आर्थिक वर्ष समाप्त भएको ३५ (पैंतिस) दिनभित्र उपनियम २ मा उल्लेखित विवरण समेत समावेश गरी वार्षिक आर्थिक विवरण तयार गरी सो आर्थिक विवरण साथ आर्थिक वर्षको अन्तमा वाँकी रहेको पेश्कीको विवरण, भुक्तानी दिन वाँकीको कच्चावारी संलग्न गरी सम्वन्धित तालुक कार्यालयमा पठाउनु पर्नेछ भन्ने व्यवस्था भएको साथै सोही नियमावलीको नियम ९० (१) मा वार्षिक आर्थिक कारोबार प्रतिवेदन र नियम ९१ को (१) अनुसार वार्षिक कार्य सम्पादन प्रतिवेदन पेश गर्ने व्यवस्था सम्बन्धमाय तहांलाई विदितै छ । सो अनुसार तहाँबाट हाल सम्म पनि उक्त विवरण प्राप्त नभएकोले केन्द्रिय आर्थिक विवरण तयार गर्न समस्या भएकोले पत्र प्राप्त भएको मितिले ७ दिनभित्र ***वार्षिक आर्थिक विवरण*** मन्त्रालयको आर्थिक प्रशासन शाखामा पठाईदिनुहुन अनुरोध छ । अन्यथा त्यस कार्यालय सम्बद्ध कार्यक्रमको दोश्रो चौमासिक निकासा रोक्का रहने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

(ढुण्डी प्रसाद निरौला)
**उपसचिव(लेखा)**

***वोधार्थ :***

श्री कोष तथा लेखा नियन्त्रक कार्यालयहरु,
उल्लेखित विवरण यस मन्त्रालय पठाई तहाँ कार्यालयलाई बोधार्थ नदिएसम्म निकासा रोक्का राखी दिनु हुन र विवरण पठाउने कार्यमा आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ ।

श्री नगरपालिका व्यवस्था महाशाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

श्री नगरपालिका व्यवस्था शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय : मन्त्रालयको Web Site मा राखिदिनुहुन ।